मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

पत्र संख्या २०७९/८०
च.नं

मिति: २०८०/०१/३१

## गाईभैंसीमा लाग्ने "लम्पी स्किन रोग" को बारेमा जानकारीमुलक सूचना।

देशका विभिन्न जिल्लामा लम्पी स्किन रोग फैलिएको र हाल मण्डनदेउपुर नगरपालिकामा पनि यो रोग सँग मिल्ने खाल्को लक्षण देखिएकोले रोगको लक्षणको बारेमा जानकारी सहित सतर्कता अपनाउनु हुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ।

**रोगका मुख्य लक्षणहरु:**

- उच्च ज्वरो (१०४ फरेनहाइट) भन्दा माथि आउने।
- कचेरा निस्कने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने।
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडीको खुट्टाहरुमा, पेट र थुन वरिपरी साना ठुला गिर्खाहरु देखिने।
- दुध उत्पादन २५ देखि ८० प्रतिशत सम्म घट्न सक्ने।
- गर्भ तुहिने तथा बाँझोपन हुन सक्ने।
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५ - ४५%) विरामी हुन सक्ने।

**रोग सर्ने मुख्य मुख्य तरिकाहरु:**

लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट संक्रमित गाईभैंसीको ओसारपसार र लसपसबाट संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुइ प्रयोग गर्दा र प्राविधिकको माध्यमबाट सर्न सक्छ।

**उपचार तथा रोकथाम:**

१. यो रोगको ठोस उपचार छैन।
२. प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार गर्ने।
३. संक्रमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नगर्ने नगराउने।
४. लामखुट्टे, झिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरीको वातावरण सफा राख्ने।
५. बिरामी पशुलाई छुट्टै राखेर उपचार गर्ने।
६. यो रोगको शंका लागेमा सम्बन्धित वडा कार्यलयमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

ध्रुव प्रसाद पराजुली
अधिकृत छैठौं प्राविधिक

फोन नं.: ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com